प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY






विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : १४६ ॥ २०८१ असार २२ गते शनिबार (6th Jul 2024 Saturday) Pratidin National Daily मूल्य-रु.५/-


# बाहुनडाँगीमा हात्ती आगमन सूचना प्रविधि केन्द्र

• लक्ष्मी उप्रेती

बाहुनडाँगी । नेपालमै पहिलो पटक हात्ती आगमन सूचना प्रविधि केन्द्र झापाको मेचीनगरमा सञ्चालनमा आएको छ । उक्त केन्द्रको शुक्रवार मेचीनगर–४ बाहुनडाँगीमा प्रतिनिधिसभाका सभामुख देवराज




घिमिरेले शुभारम्भ गरे । मेचीनगर नगरपालिकाले आयोजना गरेको कार्यक्रममा सभामुख घिमिरेले आफ्नै मोवाइलमा लुना जीपीएस एप डाउनलोड गरी त्यसको बटम थिचेर सूचना प्रवाह गरी कन्ट्रोल रुममा रहेको स्क्रिनमा साइरन बजेपछि विधिवत रुपमा केन्द्रको शुभारम्भ भएको थियो । बाहुनडाँगी छोटी भन्सारको भवनलाई कन्ट्रोल रुम बनाइएको छ भने त्यही स्क्रिन राखिएको छ । यस एपमार्फत हात्ती आएको संकेत कसैले गरेमा यहि साइरन बज्नेछ र सर्वसाधारणले हात्ती आएको खबर पाउने छन् ।

यसअघि प्रकृति प्रकोपसम्बन्धी सूचनाका लागि धनगढी महानगरपालिका, टीकापुर, ठाकुरबाबा, सिद्धार्थ नगरपालिका गरी चारवटा स्थानीय तहमा प्रकृति प्रकोप आगमन सूचना प्रविधि केन्द्र सञ्चालनमा आएको थियो । हात्तीका लागि देशभरमै पहिलो पटक झापाको मेचीनगरमा केन्द्र सञ्चालनमा ल्याईएको यसका सहजकर्ता उज्यालो नेपाल बर्दिया र समाजका लागि युवाको सहकार्य धनगढीका सल्लाहकार रमेश थापाले जानकारी दिए । उज्यालो नेपाल बर्दिया र समाजका लागि युवाको सहकार्य धनगढी नामक संस्थाले करिव ८ लाख रुपैयाँको लगानीमा यो प्रविधि सञ्चालनमा ल्याएको मेचीनगर वडा नम्बर –४ का वडाध्यक्ष अर्जुनकुमार कार्कीले जानकारी दिए ।

शुभारम्भ समारोहमा बोल्दै प्रमुख अतिथि सभामुख घिमिरेले देशका थुप्रै ठाउँमा जंगली हात्तीको समस्या भएपनि झापाका विभिन्न पालिका समेत त्यसबाट अछुतो नरहेको बताए । । त्यसमा पनि झापाको मेचीनगर–४ स्थित बाहुनडाँगीमा जंगली हात्तीको समस्या ज्यादै हुने गरेको बताए ।जंगली हात्तीको आतंकका कारण हरेक वर्ष मानिसको मृत्युसँगै हजारौं घरपरिवार विस्थापित हुने तथा यसबाट ठूलो धनजनको क्षति, खेतीयोग्य जमिनको विनास हुने गरेको छ । यसले जनजीवनमा ठूलो असर पारेको सभामुख घिमिरेको भनाई थियो । पछिल्लो समय विज्ञान र प्रविधिको विकास सँगसँगै मानिस व्यावहारिक रूपमै आफूलाई अनुकूल र सहज हुने ठाउँमा पुगेका कारण हात्ती आगमन सूचना प्रविधि केन्द्रले यसमा केही न्यूनीकरण गर्ने सभामुख घिमिरेले विश्वास व्यक्त गरे । बाहुनडाँगी भारतबाट नेपालमा हात्ती प्रवेश गर्ने मुख्य गौडा हो । जहाँ दैनिकजसो दर्जनौंको संख्यामा हात्तीहरु नेपाल पस्ने गर्छन् । सर्वसाधारणलाई बस्तीमा हात्ती प्रवेश गरेको जनाउ दिने डिजिटल प्रविधिको प्रयोगले यो समस्या केही हदसम्म कम हुने भन्दैं सभामुख घिमिरेले यसको भरपूर प्रयोग गर्न समेत स्थानीयवासीलाई अनुरोध गरे ।

मेचीनगर नगरपालिका नगर प्रमुख गोपालचन्द्र बुढाथोकीको अध्यक्षतामा भएको कार्यक्रममा संविधान सभा सदस्य रविन कोइरालाले यस क्षेत्रमा हात्तीको पीडा खेपिरहेका स्थानीयवासीले केही भएपनि राहत महसुस गर्ने अपेक्षा गरे । उनले यो केन्द्र स्थापना भएपछि मानव हात्तीबीचको द्वन्द्व न्यूनीकरण हुनेमा विश्वास व्यक्त गरे ।

मेचीनगर वडा नम्बर ४ का वडाध्यक्ष अर्जुनकुमार कार्कीले सञ्चालन गरेको कार्यक्रममा उज्यालो नेपाल बर्दिया र समाजका लागि युवाको सहकार्य धनगढीका सल्लाहकार रमेश थापाले प्रविधिका बारेमा जानकारी गराएका थिए ।

# एकीकृत समाजवादीमा झापाका काफ्ले केन्द्रीय सदस्य



झापा(प्रस) । नेकपा एकीकृत समाजवादीको महाधिवेशनमा ९३ सदस्यीय केन्द्रीय कमिटी घोषणा गरिएको छ। अध्यक्ष मण्डलका अध्यक्ष झलनाथ खनालले साविकको पोलिट्ब्युरोका सदस्य र प्रदेश अध्यक्षहरू राखेर ९३ सदस्यीय केन्द्रीय कमिटी घोषणा गरेका हुन्। त्यसमा झापाका भाष्कर काफ्ले चयन भएका छन् ।

यही कमिटीले बाँकी पदाधिकारी र केन्द्रीय सदस्यको टुंगो लगाउने गरी महाधिवेशन समापन गर्रिदै छ।अध्यक्ष, सम्मानित नेता र महासचिवबाहेक अन्य पदाधिकारी महाधिवेशनबाट चयन गरिएन।

बिहीवार मात्र अध्यक्षमा माधव नेपाल, सम्मानित नेतामा झलनाथ खनाल र महासचिवमा घनश्याम भुसाल रहने सहमति गरी हलबाट अनुमोदन गराइएको थियो। उनीहरू यसअघि पनि तिनै पदमा थिए।साविक पोलिटब्युरो ९९ सदस्यीय भएपनि विदेशमा रहेका, शारीरिक रूपमा अशक्त भएकाहरू बाहेक गरी ९३ सदस्य समेटेर केन्द्रीय कमिटी घोषणा गरिएको नेता नरेशकुमार शाहीले जानकारी दिए। यसमा सातै प्रदेश कमिटीका अध्यक्ष पनि छन्। अब १० दिनभित्र केन्द्रीय सदस्यहरूबाट पदाधिकारी चयन हुने र बाँकी केन्द्रीय सदस्यहरूको नाम पनि सार्वजनिक गरिने अध्यक्ष मण्डलका सदस्य राजेन्द्र पाण्डेले जानकारी दिए।

# प्रधानमन्त्रीले असार २८ गते विश्वासको मत लिने

झापा(प्रस) । प्रधानमन्त्री पुष्पकमल दाहालले असार २८ गते प्रतिनिधिसभाबाट विश्वासको मत लिने भएका छन् ।

कांग्रेस र एमालेले गठबन्धन गरेर नयाँ सरकार बनाउने सहमति गरेसँगै प्रधानमन्त्री दाहालले राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्ने माग उठिरहेको छ । तर प्रधानमन्त्री दाहालले भने संविधानको व्यवस्थाबमोजिम विश्वासको फिर्ता लिएपछि एमाले ८ जना मन्त्रीहरुले राजीनामा दिएका थिए । गत असार १७ गते नेपाली कांग्रेस र नेकपा (एमाले) बीच नयाँ समीकरण बनाउँदै सरकार गठन र संविधान संशोधनलगायत मुद्दा अघि बढाउने सहमति भएको थियो।

यसैबीच नेकपा एमालेपछि जनता समाजवादी पार्टी पनि सरकारबाट बाहिरिएको छ । उक्त पार्टीका अध्यक्ष



मत लिने तयारी अघि बढाएका हुन् ।

प्रधानमन्त्री दाहालले असार २८ गते विश्वासको मत लिने तयारी गरेको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले बताए । उनका अनुसार प्रधानमन्त्री दाहालले विश्वासको मत लिने प्रयोजनका लागि संसद् सचिवालयलाई पत्राचार समेत गरिसकेका छन् ।

एमालेले बुधबार मात्रै सरकारलाई दिएको समर्थन एवम् संसदीय दलका नेता अशोककुमार राईले शुक्रबार प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएका हुन् । पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै उक्त पार्टीबाट मन्त्री बनेका स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप यादव, बन तथा वातावरणमन्त्री नवलकिशोर साह सुडी र स्वास्थ्य राज्यमन्त्री हसीना खानले पनि राजीनामा दिएका छन् ।

# तस्करीको लाइन चलाएको आरोपमा एसपी हेडक्वार्टर तानिए

झापा(प्रस) । सशस्त्र प्रहरी बल मोरङका प्रमुख, एसपी विश्व खड्का हेडक्वार्टर तानिएका छन्। तस्करीको लाइन चलाएर अवैध असुली गरेको आरोप उनीमाथि लागेको छ। एसपी खड्का सशस्त्र प्रहरी प्रमुखको जिम्मेवारी पाएर २०८० फागुन पहिलो साता मोरङ हाजिर भएका थिए। मोरङ आएयता तस्करीको लाइन चलाउने समूहसँग साँठगाँठ गरेर असुली गरिरहेको आरोप उनलाई लागेको हो। साथै, भन्सार छली गरेर नेपाल भित्र् याइएका अवैध सामान नियन्त्रणमा लिने र पैसा लिएर छाड्ने गरेको आरोप पनि खड्कामाथि लागेको छ।

सशस्त्र प्रहरी बल उच्च स्रोतका अनुसार नेपाल-भारत सीमा क्षेत्रबाट तस्करीको लाइन चलाएर अवैध असुली गरिरहेको पाइएपछि छानबिन एवं अनुसन्धानका लागि खड्कालाई बिहीबार काठमाडौंस्थित हेडक्वार्टर तानिएको हो। सशस्त्र प्रहरी बलका प्रवक्ता, डीआईजी कुमार न्यौपानेले आन्तरिक हिसाबले केही कुरा बुझ्नुपर्ने भएकाले एसपी खड्कालाई हेडक्वार्टर झिकाइएको जानकारी दिए।

आईजीपी राजु अर्यालकै निर्देशनमा खड्कालाई काठमाडौं तानेर आवश्यक छानबिन एवं अनुसन्धानको प्रक्रिया अघि बढाइएको उनले बताए। डीआईजी न्यौपानेका अनुसार तस्करीलगायतका अवैध धन्दा नियन्त्रणमा लिन र कारबाही गर्न मातहतका युनिटलाई आईजीपी अर्यालले स्पष्ट निर्देशन दिएका छन्। 'आईजीपी साबले अवैध धन्दा नरोकेमा र तस्करको समूहसँग मिलेमतो गरेमा कारबाही गर्छु भनेर स्पष्ट निर्देशन दिनु भएको छ। पछिल्लो समयमा निर्देशनको पालना भयो कि भएन भनेर बुझ्नुपर्ने भयो,' उनले भने, 'आन्तरिक हिसाबले पनि केही कुराको जानकारी लिनुपर्ने अवस्था आयो। त्यही भएकाले एसपी खड्कालाई हेडक्वार्टर तानिएको हो।'

न्यौपानेले खड्काका बारेमा बुझ्ने काम भइरहेको बताउँदै गलत गरेको पाइएमा कारबाही गरिने जानकारी दिए। उनले मोरङमा सशस्त्र प्रहरी प्रमुख बनाएर अर्कै एसपीलाई पठाउने कि खड्कालाई नै फिर्ता गर्ने भन्ने बारेमा टुंगो लाग्न बाँकी रहेको जनाए। 'मोरङ आएयता अवैध धन्दा गरिरहेको समूहसँग खड्काको सम्बन्ध राम्रो थियो,' स्रोतले भन्यो, 'लाइन चलाउन सहयोग गरिदिएवापत तस्करीमा संलग्नबाट उनले मोटो रकम बुझ्ने गरेका थिए।'

लगभग एक महिनाअघि भारतबाट गाडीमा तस्करी गरेर ल्याएको चिनी सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको थियो। भन्सार छली गरेर ल्याइएको उक्त चिनी विराटनगरका व्यापारी विनोद केशरीको थियो। बरामद गरिएको चिनी र नियन्त्रणमा लिएको गाडी एसपी खड्काले कारबाहीका लागि विराटनगर भन्सार कार्यालयमा बुझाउनुपर्ने थियो। तर, केशरीसँग मोटो रकम लिएर त्यत्तिकै छाडिदिएको स्रोतले बतायो। किराना सामानको व्यापार गर्ने केशरीले अहिले सशस्त्रसँग मिलेर तस्करीको धन्दा चलाइरहेको स्रोतको दाबी छ।

स्रोतका अनुसार पछिल्लो समय संगठनकै बदनाम हुने हिसाबले चल्न थालेपछि एसपी खड्का हेडक्वार्टको निगरानीमा थिए। 'गलत काम गरेको केही न केही प्रमाण भेटिएकै कारण उनलाई काठमाडौं झिकाइएको हो,' सशस्त्रको उच्च स्रोतले भन्यो, 'थप छानबिन, अनुसन्धान र कारबाही हेडक्वार्टरले नै गर्छ।' स्रोतका अनुसार एसपी खड्काले असुलीका लागि सहायक हवल्दार ओमप्रकाश श्रेष्ठलगायतका सशस्त्रलाई घुमुवा बनाएर खटाएका थिए। श्रेष्ठ अहिले पनि घुमुवा बनेर नै हिँडिरहेका छन्।

स्रोतका अनुसार सशस्त्रको मिलेमतोमा गाईगोरु, मटर, चाइनिज स्याउ, सुपारीलगायत नेपालबाट भारततर्फ तस्करी हुने गरेको छ। भारतबाट धान, गहुँलगायतका खाद्यान्नका परिकार, किराना सामान, लत्ताकपडा, गाडीका पार्टपूर्जा, हार्डवेयरका सामानलागयत भन्सार छली गरेर नेपाल भित्र्याउने गरिएको छ।

# पाँचथरमा सामूहिक कुटपिटबाट एक जनाको मृत्यु

झापा(प्रस) ।पाँचथरको फिदिम नगरपालिका-१४ मा सामूहिक कुटपिटमा परी घाइते भएका युवकको मृत्यु भएको छ । युवाबीच कुटाकुट हुँदा घाइते भएका फिदिम १४ का ३७ वर्षीय दिनेशकुमार राईको उपचारका क्रममा पाँचथर अस्पतालमा शुक्रबार बिहान मृत्यु भएको हो।

बिहीबार बेलुकी साढे नौ बजे धनकुमार राईको घरमा धामीझाँक्री नाच हेर्न आएका दिनेशसहित पर्शुराम राई ,ध्रुव राई र पुष्कर विकलाई २० जनाको समूहले कुटपिट गरेको थियो।

कुटपिटबाट सख्त घाइते भएका राईलाई उपचारका लागि तत्काल पाँचथर अस्पताल अस्पतालमा लगिएको थियो। उनलाई चिकित्सकले बिहान ४ बजे मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय पाँचथरका सूचना अधिकारी बिनालाल शाह तेलीले जानकारी दिए।

घाइतेमध्ये ध्रुव राईको पाँचथर अस्पतालमै उपचार भइरहेको छ भने पर्शुराम र पुष्करलाई सामान्य उपचारपश्चात् डिस्चार्ज गरिएको छ।उनीहरूबीच झगडाको कारण खुल्न सकेको छैन भने कुटपिट गर्ने युवा फरार रहेको प्रहरीले जनाएको छ।




### सभामुख घिमिरेको पहल

# झापा २ मा भित्रियो २ अर्ब १४ करोडका योजना

झापा(प्रस) । प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेको निर्वाचन क्षेत्र झापा २ मा आगामी आर्थिक वर्षमा १ सय २१ वटा योजना परेका छन् । सभामुखको विकास तथा पूर्वाधार क्षेत्रको समन्वय गरिरहेका स्वकीय सचिव केशव ढुङ्गेलका अनुसार सभामुखसहित सम्बन्धित क्षेत्रका सांसद,स्थानीय जनप्रतिनिधि तथा नेतासमेतको पहलमा १ सय २१ वटा योजनाका लागि क्षेत्र नम्बर २ मा मात्रै २ अर्ब १४ करोड रुपैयाँ भित्रिएको छ भने करोडौ बजेट आउने आधार समेत तयार भएको छ । झापा क्षेत्र नम्बर २ बिर्तामोड, अर्जुनधारा, कन्काई नगरपालिका तथा बुद्धशान्ति गाउँपालिकामा फैलिएको छ ।

"सम्भवतःलामो समयपछि झापा २मा ठूलो बजेट भित्रिएको हो,"उनले भने, "सामरिक महत्वका अन्य आयोजनामा समेत बजेट भित्र्याउन सभामुखज्यूले विशेष पहल गरिरहनुभएको छ ।"

सभामुखले बजेट निर्माणको तयारी चरणमा अधिकांश विकासे मन्त्रालयका मन्त्रीहरुलाई कार्यकक्षमा नै बोलाएर झापा २ का योजना समावेश गर्न आग्रह गरेका थिए । झापा क्षेत्र नम्बर २ मा सडक निर्माण, बाढी नियन्त्रण तथा रोकथाम, डोमालाल रंगशाला निर्माण, सिँचाइ आयोजना निर्माण, उद्यमशीलता विकास, रोजगार कार्यक्रम, खानेपानी आयोजना निर्माण लगायतका योजना प्राथमिकताका साथ परेका छन् ।

सभामुख घिमिरेले आफ्नो सचिवालयमा स्वकीय सचिव ढुङ्गेललाई विकास आयोजनाबारे समन्वय गर्न विशेष जिम्मेवारी दिएका छन् । संवैधानिकरुपमा आफू प्रतिनिधि सभाको सभामुख रहे पनि निर्वाचन क्षेत्रको विकास प्रतिनिधिको रुपमा रहेर काम गर्ने उनको भनाइ छ । "म जुनसुकै पदमा भएपनि आफू निर्वाचित क्षेत्रको विकास प्रतिनिधि हुँ,"उनी भन्छन्, "सदनमा म सभामुख रहे पनि झापा २ को विकासका मुद्धा र एजेन्डालाई निरन्तर अगाडि बढाउँछु ।"

सभामुख घिमिरेको सचिवालयले संघीय बजेटमात्र होइन, प्रदेश सरकारसँग समेत समन्वय गरेर लबिइङ गरेको थियो । कोशी प्रदेशको बजेटमा झापा क्षेत्र नम्बर २ मा मात्रै ४० करोड रुपैयाँका विभिन्न आयोजना छनोटमा परेका छन् ।

सभामुखको सचिवालयका अनुसार बिर्तामोड, अर्जुनधारा, कन्काई नगरपालिका र बुद्धशान्ति गाउँपालिका समेटिने गरि तयार भएको क्षेत्र नं २ चक्रपथ निर्माणका लागि दुई करोड ६२ लाख रुपैयाँ परेको छ । डोमालाल रंगशाला क्षेत्र पूर्वाधार निर्माणका लागि पनि एक करोड रुपैयाँ परेको छ । सभामुखले आफू निर्वाचित भएलगत्तै झापा २ केन्द्रित चक्रपथ निर्माण र डोमालाल रंगशाला स्तरोन्नति तथा हात्ती नियन्त्रणलाई विशेष चासो दिएका थिए ।

सभामुखले घैलाडुब्बा- चम्पापुर सडकमा पर्ने विरिङ खोलामा पक्की पुल निर्माण, शनिश्चरे- खुदुनावारी सडकका बिरिङ खोलामा पक्की पुल निर्माण, राजन गिरी मार्ग अर्जुनधारा ४ र ५ जोड्ने विरिङ खोलामा पक्की पुल, डोमालाल रंगशाला, अधवा खोला कोरिडोर, सखुवागाछी चेकड्यामसहितको सिँचाइ आयोजना, बिरिङ खोला तटबन्ध, हडिया खोला तटबन्ध, बिर्तामोड ढल निकास, बिर्तामोड बसपार्कलाई



आफ्नो प्राथमिकतामा राखेका छन् ।सभामुखले मुक्तिचोक- शनिश्चरे सडक, शनिश्चरे- जयपुर सडक, कप्तानवाडी- पुष्पलालचोक हुँदै लक्ष्मी मावि जाने सडक, सैनिकमोड- गोलधाप सडक, फाल्गुनन्द चोक- बेलटार- साठीमुरे हुँदै इलाम जाने सडक, हर्कलाल मार्ग, सहिद नेत्र मार्ग, सहिद चन्द्र मार्ग, गोकुल जोशी मार्ग लगायत सडकको स्तरोन्नतिलाई पनि प्राथमिकतामा राखेका छन् । हात्ती नियन्त्रण, अर्जुनधारा १ सैनिक तालिम केन्द्र व्यवस्थापन, सुपारी बाली प्रवर्द्धन तथा औद्योगीकरण, कोच संग्रहालय निर्माण तथा व्यवस्थापन, विराटपोखर तथा विराट भरत विश्रान्ति पर्यटन पूर्वाधार निर्माण, चौरासी बिघे सिँचाइ आयोजना पनि सभामुखको प्राथमिकतामा रहेका छन् । उनले वृहत् अर्जुनधारा खानेपानी योजना, बिर्तामोड पाइपलाइन विस्तार, कोलाटोली खानेपानी, साना सहरी खानेपानी, कैदले खानेपानी, बेलटार तथा लक्ष्मीपुर खानेपानी पनि प्राथमिकतामा राखेका छन् । सभामुख घिमिरेले प्राथमिकतामा राखेकामध्ये प्रायःजसो आयोजनामा बजेट विनियोजन भएको छ तर, पर्याप्त भने छैन।

आगामी आर्थिक वर्षका लागि ५६ वटा योजना सहरी विकास मन्त्रालयबाट परेका छन् । बिर्तामोडस्थित मोहनमाया माविको भवन निर्माण, जिल्लास्थित संघीय कार्यालय भवन मर्मत सुधार, सुरक्षित नागरिक आवास कार्यक्रम, अर्जुनधारा नगरपालिकामा एकीकृत सहरी पूर्वाधार विकास कार्यको डिटेल इन्जिनियरिङ डिजाइन तयार गर्ने योजना परेको छ ।

अर्जुनधारास्थित कप्तानवारी- मुखिनी गाउँ जोड्ने सडक स्तरोन्नति, मुसीचोक- ओमचोक- बाँसबारी -भानु मावि फुलबारी- पाण्डवपुर -लक्ष्मीपुर सडक स्तरोन्नति, अर्जुनधारा नगरपालिका- ११ को सेवारो टोलमा बाटो स्तरोन्नति, सोही वडाको बसपार्कमा पूर्वाधार निर्माणका लागि पनि बजेट विनियोजन भएको छ ।

अर्जुनधारा १ र ७ स्थित विरिङ खोला वाइपास करिडोर निर्माण तथा वडा नं ११ मंगलमणि मार्गबाट जुनकिरी स्कुल हुँदै गिरीबन्धु टि इस्टेट जाने सडक स्तरोन्नतिका २ करोड बजेट विनियोजन भएको छ ।

अधुवा खोला सडक कोरिडोर निर्माण तथा सौन्दर्यीकरण र सैनिकमोड जाने बाटो स्तरोन्नति, अधुवा खोला किनारमा नागरिक सार्वजनिक शौचालय निर्माण, भानु माविदेखि पश्चिम पाण्डवपुरसम्मको बाटो स्तरोन्नति पनि आगामी वर्षको बजेटमा समेटिएको छ ।

सहरी विकास मन्त्रालयको योजनामा झापा क्षेत्र नम्बर २ का अधिकांश वडा समेटिएका छन् । सहरी विकास मन्त्रालयले बिर्तामोड नगरपालिकालाई सहरी विकास अनुदानका लागि २८ करोड २० लाख रुपैयाँ बजेट छुट्याएको छ ।

झापा क्षेत्र नम्बर २ मा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट पाँच वटा योजना परेका छन् । बिर्तामोड वडा नम्बर २, ७ र ८, अर्जुनधाराको १, २, ३, ४, ९ र ११ नम्बर वडा, बुद्धशान्तिको १ नम्बर वडा र कनकाईको ८ र ९ नम्बर वडामा भूमिगत सिँचाइ आयोजना परेका छन् ।

स्वास्थ्य मन्त्रालयले बुद्धशान्तिमा २ करोड ९ लाख, कनकाईमा ३ करोड १४ लाख, बिर्तामोडमा ३ करोड ५९ लाख र अर्जुनधारामा ११ करोड ४० लाख रुपैयाँ विनियोजन गरेको छ ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले चार वटै स्थानीय तहमा युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनाका लागि १३ लाखदेखि ५२ लाख रुपैयाँसम्म विनियोजन गरेको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सुखानी सहिद स्मृति उद्यान वनस्पति सम्पदा संरक्षण तथा सौन्दर्यीकरण कार्यक्रमबाट ९० लाख रुपैयाँ र विराटपोखरी सरोवर बहुउद्देश्यीय पर्यटकीय पूर्वाधार निर्माणका लागि ९० लाख रुपैयाँ विनियोजन गरेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्जुनधारा नगरपालिकास्थित बाइजुराज सामुदायिक भवन निर्माण, सुसेली सामुदायिक भवन निर्माण, बुद्धशान्ति गाउँपालिका १ स्थित चिउरा मिलदेखि डुम्रिबोट जाने सडक निर्माण र वडा नम्बर २ को वरपिपलचोक पश्चिम बिरिङ पुलसम्म जाने सडक निर्माण र प्रणामी मन्दिरदेखि दुई रिंगे जाने सडक निर्माणका लागि २५-२५ लाख रुपैयाँ विनियोजन गरेको छ ।

अर्जुनधारा सहलगानी, बुधबारे, बुद्धशान्ति, अर्जुनधारा वृहत् खानेपानी, बुधबारे साना सहरी खानेपानी आयोजना, कैदले खानेपानी, लक्ष्मीपुर खानेपानी, कोलाटोली खानेपानी, सातकटेरी खुदुनाबारी खानेपानी, विरान खानेपानीका लागि २ लाखदेखि १ करोड रुपैयाँसम्म छुट्याइएको छ ।

भौतिक पूर्वाधार मन्त्रालयले झापा क्षेत्र नम्बर २ को चक्रपथ निर्माणदेखि सहिद चन्द्र मार्ग, गोकुल जोशी मार्ग, सहिद हर्कलाल मार्ग, गोपालडाँडा स्कुलदेखि महानन्द चोकसम्मको सडक, बुद्धशान्ति १ स्थित बुधबारे सडक, अर्जुनधारा २ र ३ स्थित घिमिरेचोक पश्चिमबाट मिलनचोक हुँदै मदन भण्डारी राजमार्ग जाने सडक र फाल्गुनन्द चोकदेखि बेलटार हुँदै साठीमुरे जाने सडकका लागि एक करोडदेखि पौने दुई करोडसम्मका योजनामा रकम विनियोजन गरेको छ ।

# श्रीमतीलाई हत्या गरी श्रीमान फरार




झापा(प्रस) । झापा गाउँपालिका वडा नं ३ कामाटोलीमा श्रीमतीलाई हत्या गरी श्रीमान फरार भएका छन् । झापा गाउँपालिका वडा नं.३ कामाटोली निवासी अन्दाजी वर्ष ३३-३४ को सतिसकुमार गणेशले आफ्नो श्रीमती अन्दाजी वर्ष २४-२५ की अनिशाकुमारी गणेशलाई हम्मरले हानी हत्या गरेका हुन् । घटनापछि हत्यारा गणेश हाल फरार रहेको र उनको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

अनिशाको टाउकोमा फलामे हम्मर प्रहार गरी हत्या गरिएको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी कृष्णकुमार चन्दले बताए । दिउँसो पौने ४ बजे दुई छोरी विद्यालयबाट घर फर्किएपछि आमा कोठामा रक्ताम्मे अवस्थामा खाटमा लडेको देखेपछि तत्काल छिमेकीलाई खबर गरेका थिए ।

त्यसपछि प्रहरी टोली घटनास्थल पुगेको थियो । घटना शुक्रबार दिउँसो करिब साढे १२ बजेको समयमा हुनुपर्छ। सोही बेला सतिशलाई स्थानीयले अनिशाको घरको आसपास देखेका थिए ।

सँगै एउटै घरमा बस्दै आएपनि अनिशा र सतिशबीच सम्बन्ध राम्रो थिएन । सतिशले पहिला पनि श्रीमतीलाई कुटपिट गर्दै आइरहेका थिए । उनीहरू सम्बन्ध विच्छेद गर्ने अवस्थामा पुगिसकेको र पटक पटक गाउँमासो विषयमा छलफल भइसकेको स्थानीयले बताएका छन् । अनिशाको माइती घर झापा गाउँपालिका-७ मा पर्छ ।













नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बालबालिकालाई हेरचाह गरौं

गर्मी र वर्षायाम शुरु भएपछि रुघा खोकी, ज्वरोलगायतका बिरामी बढेका छन् । खासगरी बालबालिकाहरु यो समस्याबाट बढी प्रभावित भएका छन् । स्वास्थ्य संस्थाहरुमा बालबालिकाहरु यस्तो समस्या लिएर आउने गरेको चिकित्सकहरुले बताएका छन् । बालबालिकालाई सामान्य रुघा वा सामान्य ज्वरो आएका वेला घरमै पनि उपचार गर्न सकिन्छ ।

घरमै बच्चाको नाक सफा गर्ने, पारासिटामोल दिन सकिन्छ । तुलसीको पानी बनाएर खुवाउने, झोलिलो कुरा प्रशस्त खुवाउने, न्यानोमा राख्नेलगायत घरेलु विधि अवलम्बन गर्नुपर्छ । यसरी उपचार गर्दा ठीक नभए वा अवस्था थप जटिल बन्दै गए अस्पताल लैजानुपर्छ ।

बच्चाको नाक बन्द भएर दुध खान नसक्ने, घाँटी घ्यारघ्यार हुने, सास फेर्न समस्या हुने, सास छिटोछिटो फेर्ने भयो भने अस्पताल लैजानुपर्छ । किनकि, रुघाखोकीका वेला बच्चालाई दम बढ्छ । केही बच्चामा ज्वरो आएको वेला बेहोस हुने र काम्ने समस्यासमेत देखिन्छ । यस्तो वेला तुरुन्तै अस्पताल लैजानुपर्छ ।

कतिपय अभिभावकले बच्चालाई जथाभावी एन्टिबायोटिक र कफसिरप खुवाउने गरेका छन् । सकेसम्म बच्चामा खोकीको औषधि र अन्य एन्टिबायोटिक औषधि प्रयोग नगर्नु नै राम्रो हुन्छ । यदि औषधि दिनैपरे चिकित्सकको सल्लाहअनुसार दिनुपर्छ । शरीरलाई केही ब्याक्टेरिया आवश्यक पनि पर्छ । अत्यधिक एन्टिबायोटिक सेवनले शरीरलाई चाहिने ब्याक्टेरिया पनि मर्न सक्छन् । त्यसले गर्दा बच्चा बारम्बार बिरामी हुने अवस्था हुन्छ ।

परिवारमा कोही बिरामी छन् भने साना बच्चा र बुढाबुढीसँग उनीहरूलाई घुलमिल हुन दिनुहुँदैन । त्यस्तै, बिरामी अवस्थामा बच्चालाई स्कुल पठाउनुहुँदैन । उसले अन्यलाई संक्रमण सार्न सक्ने भएकाले निको नभएसम्म घरमै आराम गराउनुपर्छ । बालबालिकाहरु संवेदनशील भएकाले यो बेला उनीहरुको विशेष हेरचाह गर्नुपर्छ ।




# मोबाइलको फैलिँदो साम्राज्य



• युवराज गौतम

नेपालमा मोबाइल फोनको इतिहास लामो छैन । १९ सयको दशकमा अमेरिकामा मार्टिन कपुरले मोबाइलको आविष्कार गर्दा होस या त सन् १९८५ मा बेलायतमा पहिलो पटक मोबाइलमा कुराकानी गर्दा नेपालमा ट्रङ्क टेलिफोन सेवा भर्खरै प्रारम्भ भएको इतिहासले देखाउँछ । विसं १९७० को दशकमा दूरसञ्चारको सुरुवात हुँदा आजको जस्तो मोबाइल क्रान्तिको परिकल्पना गरिएको थिएन होला । अहिले नेपालका कुना कन्दर ासम्म साधारणदेखि सुविधासम्पन्न स्मार्ट मोबाइल पुगेको छ । नेपालमा मोबाइलले साम्राज्य नै फैलाएको छ ।

एक शताब्दीको अवधिमा नेपालले प्रविधिमा फड्को मात्र मारेन समाचार र सूचनाको संसार नै परिवर्तन गरिदिएको छ । हस्तलिखित चिठीपत्रको माध्यमबाट सूचना आदानप्रदान गर्ने नेपाली समाज अहिले फोन, मोबाइल र इन्टरनेटको माध्यमबाट सूचना ग्रहण गरिरहेका छन् । २०१६ मा गठन भएको दूरसञ्चार विभागको स्थापना र २०५६ मा आइपुग्दा मोबाइल टेलिफोन सेवा सञ्चालन गर्ने अनुमति प्राप्त भएको अवसरदेखि ३० वर्षको अवधिमा नेपाली अर्थतन्त्रमा सर्वाधिक कारोबार गर्नेको सूचीमा मोबाइल दर्ज भइसकेको छ ।

मोबाइल फोनमा २०६२ जेठ आगमन कल निःशुल्क गरिएपछि ०६५ देखि देशैभर सेवा पुगेको अहिले ७७ जिल्लामै मोबाइलको कभरेज स्थापित छ । एउटा घरका प्रत्येक सदस्यको हातमा मोबाइल सेट भएन भने अनौठो हुन थालेको छ । अझ स्मार्ट फोन नै नबोक्नेहरू परम्परागत रूपमा गनिन थालेका छन् । मोबाइल फोन नबोक्नेलाई अहिले आश्चर्यको सूचीमा राख्ने चलन स्थापित भइसकेको छ । करिब तीन करोड ८० लाखको हाराहारीमा मोबाइलको सिम प्रयोग भइरहेको नेपाल दूरसञ्चार प्राधिकरणको तथ्याङ्क छ । नेपाल मोबाइल व्यवसायी महासंघको तथ्याङ्क अनुसार हाल नेपालमा करिब ८० हजार व्यक्तिले मोबाइल व्यवसायमार्फत प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी पाएका छन् भने २२ हजार व्यवसायी यो व्यवसायमा आबद्ध छन् । सुरुवाती समयमा हुने खानेहरूले प्रयोग गर्ने मोबाइल अहिले हुँदा खाने वर्गको पहुँचमा पुगिसकेको छ । व्यावसायिक हिसाबले मोबाइलमार्फत हजारौँ युवाले रोजगारी पाएका छन् ।

तथ्याङ्क अनुसार वार्षिक ४० अर्बभन्दा बढी रकम राजस्वमार्फत देशको राज्य कोषमा जम्मा हुँदै आएको छ । प्राप्त तथ्याङ्क अनुसार सन् २०२२ मा एक वर्षमा १६ लाख ५० हजार मोबाइल फोन वैध बाटोबाट नेपालमा भित्रिएको थियो भने २०२३ मा १५ लाख ५० हजार र २०२४ (जनवरीदेखि अप्रिल) सम्म चार लाख ६५ हजार मोबाइल फोन नेपाल भित्रिएको छ । यो तथ्याङ्कलाई आधार मान्दा २०२४ मा एक महिनामा एक लाख छ हजार मोबाइल नेपालमा भित्रिएको देखिन्छ ।

यसैगरी विदेश जाने नेपालीले आफन्त तथा साथीभाइका लागि ५५ देखि ६० हजार मोबाइल सेट उपहारस्वरूप ल्याइदिएको तथ्याङ्कले देखाउँछ । ती मोबाइलको मूल्य करिब एक अर्ब ८० करोड हुन आउने देखिन्छ । खुला सिमाना तथा भन्सार छलीमार्फत ५५ सय मोबाइल सेट मासिक रूपमा नेपालमा भित्रने गरेको संघको दाबी छ । यसको मासिक भ्यालु ४४ करोड र वार्षिक पाँच अर्ब २८ करोड रकम भन्सार छली हुने गरेको मोबाइल व्यवसायी महासंघको अभिलेखमा छ । सूचना र सञ्चारको विकासमा देशमा फड्को मारेको मोबाइलको प्रयोगलाई अब सरकारी तवरबाट व्यवस्थित बनाउन जरुरी छ ।

### नीतिगत सुधार जरुरी

अनधिकृत रूपमा नेपाल भित्रिने मोबाइल फोनका कारण सबैभन्दा धेरै नोक्सानी साना व्यवसायीलाई परिरहेको छ । भन्सार छली गरी भित्रिने फोनले व्यवसायी र राज्य दुवैलाई ठुलो नोक्सानी छ । सरकारले विदेशी मुद्रा सञ्चिति जोगाउन मोबाइल फोनको आयातमा कडाइ गरे पनि नीतिगत सुधार नहुँदा समस्या विकराल बन्दै गइरहेको छ । नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल फोनको गैरकानुनी कारोबार रोक्न मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) प्रणाली कार्यान्वयनमा ल्याउने घोषणा गरेको लामो समय बितिसक्दा पनि पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन नसक्दा साना र मझौला व्यवसायी मारमा छन् ।
हालै काठमाडौँमा भेला भएका देशभरका एक हजार मोबाइल व्यवसायीले मोबाइल बिक्री गर्दा प्राप्त गर्ने मार्जिन बढाउन, ग्रे मोबाइलको कारोबार रोक्न, चोरीको मोबाइल मर्मतका समयमा व्यवसायीसम्म पुग्दा व्यवसायीले प्रहरी प्रशासनबाट भोग्दै आएको झमेला अन्त्य गर्न दबाब नै बढाएका छन् । सेकेन्ड ह्यान्ड मोबाइलको कारोबारलाई नीति बनाएरै व्यवस्थित गर्न उनीहरूको सुझाव छ । जति जति मोबाइलको कारोबार बढ्दै छ उति नै नीतिगत र कानुनी समस्या थपिँदै गएका छन् ।
अवैध रूपमा भइरहेको मोबाइल फोनको कारोबारले सरकारले झन्डै वार्षिक दुई अर्बको हाराहारीमा राजस्व गुमाइरहेको तथ्याङ्क छ । त्यसलाई रोक्न मोबाइल फोन इम्पोर्ट्स संघ नेपाल, नेपाल मोबाइल वितरक संघ, नेपाल मोबाइल व्यवसायी महासंघलगायतका संस्था सक्रिय भए पनि सरकारले त्यसलाई प्राथमिकतामा राखेको पाइँदैन । यसमा केही प्राविधिक र अधिकारसँग जोडिएका कारण छन् । सीमित व्यापारिक घरानाको दबाबमा एमडिएमएस लागु गरिएको भनेर आलोचना भइरहेको छ । किनकि सरकारले प्रयोगकर्ताको गोप्य सूचना लिन सक्ने र त्यसको दुरुपयोग हुन सक्ने भन्दै चिन्ता लिएको छ । यद्यपि, मोबाइल व्यवसायलाई व्यवस्थित गर्नका लागि नीतिगत र कानुनी सुधार खड्किएको छ ।

### तत्काल गर्नुपर्ने काम

मानिसका लागि मोबाइल अति आवश्यक साधन बनिसकेको छ । समाज नै डिजिटलमैत्री बन्न थालेपछि दैनिक कारोबार गर्न मोबाइल अनिवार्य बनिसकेको छ । अनलाइन किनमेल र नगदरहित डिजिटल कारोबार गर्न मोबाइल अपरिहार्य छ । नेपालको सन्दर्भमा मोबाइल फोन कति आवश्यक रहेछ भन्ने कुरा भन्सार विभागको तथ्याङ्कले पनि स्पष्ट पार्छ । विभागका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को १० महिनामा मात्रै २४ अर्ब एक करोड २४ लाख २२ हजार रुपियाँ बराबरको १५ लाख २८ हजार ६६४ थान मोबाइल आयात भएको देखिन्छ । यस हिसाबले अटोमोबाइलपछि नेपालमा सबैभन्दा बढी करिब ४० अर्ब राजस्व मोबाइल आयातबाट हुने गरेको व्यवसायीकै दाबी छ ।

नेपालका कुना कन्दरा एवं तराई, पहाड र मधेशसम्म साम्राज्य विस्तार हुँदै गएको मोबाइल आयात, बिक्री तथा मर्मतलगायतका सेवालाई थप प्रभावकारी र व्यवस्थित गर्दै लानुपर्ने देखिन्छ । यसको सर्वसुलभतालाई प्राथमिकता दिँदै सबै वर्गका नेपालीको हातमा स्मार्टफोन पुऱ्याएर प्रविधिमैत्री नेपाल निर्माणमा योगदान दिनुपर्ने आवश्यकता छ ।

यसका लागि पेसा र व्यवसायलाई पहिलो प्राथमिकतामा व्यवस्थित गर्न जरुरी खड्किएको छ । सरकारले तोकेको मूल्यमा भन्दा कम्पनीले आफूखुसी न्यून मार्जिन निर्धारण गर्ने, सबल ब्रान्डका नाममा कमसल वस्तुको बिक्री वितरण तत्काल रोक्नुपर्ने आवश्यकता छ । यसमा अनुगमन र नियमन प्रभावकारी बनाउनै पर्छ । एसेसरिजमा न्यून विजकीकरण विलिङ, सर्भिस पार्ट गुणस्तरहीन हुँदा व्यवसायी र उपभोक्ता ठगिने क्रम रोक्नु पर्छ । व्यवसायको पहिचान र सुरक्षा अर्को खतरा छ । व्यवसायी सुरक्षा र व्यावसायिक वातावरण नभएको बताइरहेका छन् । पसल लुटपाट हुने, अनावश्यक आक्षेप लाग्ने र विदेश पलायन हुने क्रम रहेकाले यसमा प्रशस्त काम गर्नुपर्ने देखिन्छ ।

व्यवसायलाई राम्रो गर्न र युवालाई प्रोत्साहित गर्न सहज ऋण, सहुलियत र न्यूनतम ब्याजदरको व्यवस्था साथै मोबाइलको रिटेल क्षेत्रलाई व्यवस्थित गर्न जरुरी भइसकेको छ । त्यस्तै उपभोक्तालाई मोबाइलको सदुपयोग गर्न र साइबर सुरक्षा विधि सिकाउनुपर्ने देखिन्छ । फैलिँदो मोबाइल साम्राज्यलाई बेलैमा कानुनी एवं नीतिगत रूपमा व्यवस्थित गर्नुपर्ने टड्कारो आवश्यकता छ ।

# अपराधप्रति समाजको दृष्टिकोण



• डा.अर्जुनकुमार खड्का

अपराध मानव व्यवहारकै एक अंश हो । त्यसैले यसको अस्तित्व मानव अस्तित्वसँग गाँसिएको छ । शरीर सँगसँगै रोगको सम्भाव्यताको पनि प्रादुर्भाव भए जस्तै अपराध पनि सामाजिक रोगको रूपमा समाज सँगसँगै प्रादुर्भाव भएको पाइन्छ । प्राचीन समयमा रोगलाई ईश्वरबाट सञ्चालित इच्छा वा ईश्वर प्रदत्त दण्ड मानिन्थ्यो र उपचारको निमित्त कम उपाय प्रयोग गरिन्थ्यो । जुनसुकै रोगमा ती उपाय लगाइन्थे । आजको चिकित्सा विज्ञानले ती पुराना कुरालाई विश्वास गर्दैन । त्यस्ता कुरालाई रूढिवादी सोचको रूपमा लिने गरिन्छ । यसैले आजका मानिस पहिलेको भन्दा मानव शरीर रचनाको सम्बन्धमा बढी यथार्थ र सूक्ष्म जानकारी राख्न सक्ने भएका छन् । किनकि अहिले धेरै जसो रोगको उत्पत्ति जान्न, वर्गीकरण गर्न र त्यसको उपचार पत्ता लगाउन मानिस सक्षम छन् ।

सामाजिक रोगको रूपमा रहेको अपराधको पनि प्राचीन धारणा त्यस्तै रूढिग्रस्त अन्धविश्वासमा आधारित थियो । उदाहरणका लागि अपराधलाई भूतप्रेतको दुष्टात्माको खेल मानिन्थ्यो । त्यसको उपचारको निमित्त कठोर शारीरिक दण्ड, झारफुक वा मन्त्रको प्रयोग गरिन्थ्यो तर अहिलेको समाजमा प्राचीन रूढिवादी र अन्धविश्वासलाई त्यागी सामाजिक रोगको रूपमा रहेको अपराधको कारण जान्न, त्यसको वर्गीकरण गर्न र सही दण्ड तथा उपचार विधि पत्ता लगाउन सकिन्छ ।

हुन त व्यवहारमा अपराधप्रति समाजका सबै वर्गको एकै दृष्टिकोण रहेको हुँदैन । कसैका निम्ति सामान्य गाली र हातापात दैनिक व्यवहारको स्वीकार्य पक्ष हुन सक्छ तर त्यही कार्य मध्यम वा उच्च वर्गका निमित्त अपराध ठहर्न सक्छ । यसर्थ अपराधको पनि सर्वव्यापी परिभाषा गर्न सकिँदैन । किनभने अपराध देशकाल, परिस्थिति अनुसार परिवर्तन भइरहन्छ । अपराधशास्त्रमा पनि अपराधको वर्गीकरण गरी खास प्रकृतिको अपराध खास वातावरणमा वा परिस्थितिले वा अन्य कमजोरीले हुन्छ भनी वर्गीकरण गर्ने र त्यसको लक्षण खुट्याइ समाधान पत्ता लगाउने काम गरिन्छ । अतः अपराध देशकाल परिस्थिति समाज अनुरूप परिवर्तनशील रहन्छ ।

यसै सन्दर्भमा विभिन्न सिद्धान्तको पनि जन्म भएको पाइन्छ । उदाहरणका लागि अपराधको भौगोलिक सिद्धान्त । यो सिद्धान्त उन्नाइसौँ शताब्दीको प्रारम्भमा केही सामाजिक चिन्तकहरूको प्रयासमा जन्म भएको हो । यो सिद्धान्तले अपराधको सम्बन्ध भूबनोट र मौसम परिवर्तनसँगै रहेको बताउँछ । यस सिद्धान्तको जन्म हुनुमा प्रसिद्ध अपराधशास्त्री क्वेटलेट, ग्वेरीको नाम उल्लेखनीय छ । यस सिद्धान्त अनुसार अपराधको सम्बन्ध जाडो वा गर्मी मौसमसँग रहेको छ । जाडो मुलुकका बासिन्दालाई आफ्नो जीवनयापन गर्ने कठोर परिश्रम गर्नु पर्छ । उनीहरूले प्रकृतिको कठोरतासँग सामना गर्ने, खाद्य पदार्थ जुटाउन, बढी सुझबुझ लगाउनु र परिश्रम गर्नु पर्छ । यसैले उनीहरूको अपराधप्रतिको झुकावमा कमी हुन्छ । किनकि यस क्षेत्रमा बस्ने मानिस सिधासाधा स्वभावका र परिश्रमी प्रकृतिका हुन्छन् । उदाहरणका लागि प्रसिद्ध अपराधशास्त्री रिङ्कले साइबेरियामा बसोबास गर्ने एस्किमो जातिको अध्ययन गरेका थिए । उक्त अध्ययनपछि उनले एस्किमो जाति आफ्नो विचारमा बढी स्थिर छन् भन्ने कुरा पत्ता लगाए । एस्किमो जाति आफ्नो जीवनयापन गर्न कडा परिश्रम गर्छन् । यिनीहरू बिच झगडा बिरलै हुन्छ । यिनीहरू आफ्नो असन्तुष्टिलाई मौनता साँधेर व्यक्त गर्छन् भन्ने कुरा रिङ्कले पत्ता लगाएका थिए ।

यस्तै, गर्मी मुलुक वा स्थानका बासिन्दाको जीवनयापन गर्ने शैली छुट्टै रहन्छ । थोरै भोजन, थोरै वस्त्र र सामान्य आरामले पनि यहाँको मानिसको जीविका चल्छ । यिनीहरूलाई आफ्नो जीवन धान्न कम परिश्रम गरे पुग्छ । त्यसको फलस्वरूप यी कल्पनाशील, कम काम गर्न खोज्ने, मनमौजी, प्रकृतिका हुन्छन् । यिनीहरू नै आपराधिक गतिविधिमा बढी संलग्न हुन्छन् भन्ने कुरा सन् १८९३ भन्दाअघि नै डेनिस विद्वान्ले पत्ता लगाएका थिए । उनको भनाइ अनुरूप गर्मीले मानिसको दिमागलाई नशालु पदार्थ झैँ उक्साउँछ र ऊ असल वा खराब बाटोमा लाग्छ । यसैले तातो चिसोसँग अपराधको सम्बन्ध रहन्छ । गर्मी मौसममा जिउज्यानविरुद्धको अपराध बढी हुन्छ भने जाडो मौसममा सम्पत्तिविरुद्धको अपराध बढी हुन्छ । यसर्थ, थर्मामिटरमा तापक्रम घटबढ भए अनुसार अपराधको दरमा पनि घटबट हुन्छ भन्ने सिद्धान्तलाई अपराधशास्त्रमा तापमानको सिद्धान्त पनि भन्ने गरिन्छ ।

यसबाहेक प्राकृतिक सम्पदा र आर्थिक समुन्नतिसँग पनि अपराधको सम्बन्ध रहन्छ । आर्थिक समुन्नतिमा अपराध दर कम र आर्थिक अवनतिमा अपराध दर ज्यादा हुन्छ । मानिसको जीवनस्तरमा अर्थतन्त्रको ठुलो प्रभाव परेको हुन्छ । यो कुरालाई मानव इतिहासको सबै अवधिमा निर्विवाद स्वीकार गरिएको छ ।

आर्थिक समृद्धि वा पतन, सम्पन्नता वा विपन्नतासँग अपराधको सम्बन्ध रहन्छ भन्ने कुरा विधिशास्त्रीहरूले अध्ययनबाट उल्लेख गरेको पाइन्छ । उदाहरणका लागि अठारौँ शताब्दीको उत्तरार्धमा आदम स्मिथले आफ्नो सुप्रसिद्ध पुस्तक 'वेल्थ अफ नेसन' मार्फत अर्थतन्त्रले समाजमा पार्ने प्रभाव प्रस्तुत गरेका थिए । यसै गरी सन् १७६६ मा बेलायतका विद्वान् माल्थसले जनसंख्या अनियन्त्रित रूपमा बढ्दै गएमा त्यसको परिणाम अपराध, रोग, भोक, अकाल, मृत्युका रूपमा समाजले बेहोर्नु पर्ने चेतावनी दिएका थिए । अपराध कसरी हुन्छ भन्ने पत्ता लगाउने सन्दर्भमा नै उन्नाइसौँ शताब्दीमा एक अध्ययन गरी सामाजिक अवस्थासँग अपराधको सम्बन्ध पत्ता लगाउने प्रयास गरिएको पाइन्छ, जस अनुसार समाजको परिप्रेक्ष्यामा अपराधको अध्ययन गर्ने पहिलो व्यक्ति क्वेटलेट थिए । समाजले अपराधलाई जन्माउँछ । अनि अपराधलाई कार्यान्वयन गर्ने प्रतिनिधि अपराधी हुन्छ भनी उनले अपराध र समाजको सम्बन्ध अर्थ्याएका थिए । उनले सन् १८३६ मा प्रकाशित आफ्नो रचनामा फ्रान्स, हल्यान्ड, लक्जेम्बर्गका तथ्याङ्क अध्ययन विश्लेषण गरी सामाजिक अवस्थासँग अपराधको सम्बन्ध देखाउन खोजेका थिए । यसरी अपराधको उत्पत्ति र सम्बन्धबारे लामो अध्ययन अनुसन्धान भएको पाइन्छ ।

समाज स्वीकार्य आचरण अनुसार काम गर्नु सबैको कर्तव्य हो । प्रत्येक व्यक्ति आफ्नो कार्यको निमित्त आफैँ प्रहरी हो । समाज अस्वीकार्य आचरणबाट टाढा रहन ऊ आफैँ सचेत हुनु पर्छ । त्यस्तो हुन नसकेमा उसका विरुद्ध सामाजिक नियन्त्रण सक्रिय हुन्छ । यसरी कसुर नियन्त्रण गर्न समाजमा दुई कार्य सक्रिय रहेका हुन्छन् । पहिलो हो सकारात्मक र दोस्रो हो नकारात्मक । कसैले प्रशंसनीय काम गरेमा उसलाई पुरस्कार, मानप्रतिष्ठा दिनु, त्यसको प्रचारप्रसार गर्नु सकारात्मक नियन्त्रण पद्धति हो तर समाज अस्वीकार्य काम गरेबापत निन्दा गर्नु, हेला गर्नु, दण्ड दिनु र त्यसको प्रचारप्रसार गर्नु नकारात्मक नियन्त्रणको कार्य हो । त्यसैले सकारात्मक र नकारात्मक दुवै कार्यमा औपचारिक र अनौपचारिक कार्य समावेश भएका हुन्छन् । समाजको औपचारिक नकारात्मक नियन्त्रण प्रणाली फौजदारी कानुन हो । कसुर भइसकेपछि कसुरदारलाई दण्ड दिन यो सक्रिय हुन्छ । कसुरदारको गिरफ्तारी, प्रमाण सङ्कलन, अदालतमा मुद्दा दायर र फैसला, फैसलाउपर पुनरावेदन सबै औपचारिक ढाँचामा सञ्चालित हुन्छन् । यी सबै क्रिया निर्धारित कानुनबाट व्यवस्थित हुँदै आएको पाइन्छ । उदाहरणका लागि मुलुकी अपराध संहिता, २०७४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ आदि रहेका छन् ।

फौजदारी कानुनको लक्ष्य कसुरदारलाई दण्ड दिनु हो । यसको निर्माण सर्वोच्च विधायनका माध्यमबाट औपचारिक रूपमा भएको हुन्छ । विश्वविद्यालयका नियम, सार्वजनिक संस्थानका नियम, गैरसरकारी सङ्गठनका नियम, खेलकुद संस्थाका नियम वा श्रम सङ्गठनका नियमले अनियमित कार्य गर्नेका विरुद्ध दण्डको व्यवस्था गरेको हुन्छ । त्यस्तै, फौजदारी कानुन स्पष्ट तथा निश्चित हुनु अति आवश्यक मानिन्छ । वास्तवमा कोही पनि व्यक्ति जन्मँदै अपराधी भएर जन्मेको हुँदैन । किनकि अपराध बढाउन र हुर्काउन समाज नै जिम्मेवार मानिएको छ । बालकले सानैदेखि पाएको शिक्षादीक्षा, वातावरण, सङ्गत सबै उसको व्यक्तित्व निर्माणमा सहायक हुन्छन् । यीमध्ये कुन कुराको कुप्रभावले व्यक्ति कुकर्ममा प्रवृत्त हुन पुगेको हुन्छ । सोको खोज अनुसन्धानबाट मात्र पत्ता लगाउन सकिन्छ । व्यक्तिपिच्छे रोगको प्रकृति फरक भए झैँ व्यक्तिपिच्छे अपराध सम्बद्ध समस्या पनि पृथक् हुन सक्छ ।

अन्त्यमा प्रसिद्ध अपराधशास्त्री डुर्कहाइमका विचारमा समाजमा अपराधको दर न्यून छउञ्जेल आत्तिनु पर्दैन । त्यो त समाजको स्वाभाविक स्थिति हो । स्वस्थ शरीरलाई पनि सानातिना रोगले कहिलेकाहीँ सताउँछ तर त्यो शरीर अस्वस्थताको परिचायक होइन । यदि समाजमा अपराधको दर बर्सेनि बढ्दै गयो भने त्यो चाहिँ साँच्चै चिन्ताको विषय हो । यसलाई समाज अस्वस्थ भएको लक्षण मान्न सकिन्छ । उदाहरणका लागि नेपालमा साइबर अपराधको संख्या बढदै गएको कुरा तथ्याङ्कबाट देखिन्छ । यो चिन्ताको विषय हो । त्यसैले अपराधको रोकथामका लागि समाज सदैव सचेत रहनु आवश्यक छ ।

# छ महिनामा ५६ वटा मानव अधिकार उल्लंघनका घटना




झापा(प्रस) । धनकुटामा गत छ महिनाको अवधिमा ५६ वटा मानव अधिकार उल्लंघनका घटना भएको पाइएको छ । बिहीबार अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) धनकुटाले नेपाल मानवअधिकार वर्ष पुस्तकका लागि ६ महिना सङ्कलन गरेर आयोजना गरेको अर्धवार्षिक पूर्व समीक्षा कार्यक्रममा यस्तो तथ्याङ्क सार्वजनिक गरेको हो ।

कार्यक्रममा इन्सेकले जनवरीदेखि हालसम्मको अवधिमा मानव अधिकारसँग सम्बन्धित विभिन्न घटनाहरु प्रस्तुत गरिएको थियो । जसमा एक जनाको हत्या, दुई जनाको हत्या प्रयास, तीन महिला र पाँच जना बालबालिका बलात्कृत, एक महिलाको बलात्कृतपछि हत्या, दुई बालबालिकामाथि यौन दुर्व्यवहार, एक जनामा जातीय विभेद, दुईजना आत्महत्या दुरुत्साहन र ३९ जना घरेलु हिंसामा पीडित भएको तथ्याङ्क सङ्कलन गरिएको इन्सेक धनकुटा प्रतिनिधि ईश्वर थापाले जानकारी दिए ।

त्यस्तै, यस अर्धवार्षिक घटनाको तथ्याङ्क हेर्दा गत वर्षभन्दा यो वर्ष अझै मानव अधिकार उल्लंघनका घटनामा वृद्धि हुने देखिएको थापाले बताए । सन् २०२३ मा धनकुटामा एक सय घटनामा एक सय तीन जना पीडित रहेको भए पनि सन् २०२४ को पहिलो ६ महिनामै ५६ जना पीडित भएको इन्सेकले प्रतिवेदनमा उल्लेख गरेको छ ।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले जिल्लामा भएका मानव अधिकार उल्लंघनका बढ्दै गएको पाइएकाले आगामी दिनमा यस्ता घटना न्यूनीकरणमा लागिपर्ने बताए । उनले कुनकुन विधि र कसरी प्रचारप्रसार गरेर मानव अधिकारका घटना न्यूनीकरण गर्न सकिन्छ सबैले आ-आफ्नो ठाउँबाट लाग्नुपर्ने जिकिर गरे ।

त्यस्तै, जिल्ला प्रशासन कार्यालयले धनकुटाका सबै सुरक्षा निकाय र स्थानीय तहसँग छलफल गरी सचेतनामूलक कार्यक्रम गरिरहेको बताए । कार्यक्रममा बोल्दै जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रमुख एसपी श्यामसिंह चौधरीले धनकुटामा घटना बढ्दै गइरहेकाले मानव अधिकार उल्लंघनका घटनालाई दृष्टिगत गर्दै न्यूनीकरणका लागि आफ्नो तर्फबाट लाग्ने बताए । उनले कुन तरिकाले सहजीकरण गर्न सकिन्छ त्यसरी अगाडि बढ्न साथ सहयोग गर्ने जानकारी दिए ।

# बिर्तामोडमा हात्तीले एउटा घर भत्कायो



झापा(प्रस) ।झापाको बिर्तामोडमा हात्तीले एउटा घरमा क्षति पुऱ्याएको छ । दुई वटा जङ्गली हात्तीले शुक्रबार बिहानको राति करिब २ बजे बिर्तामोड नगरपालिका-७ खालबाडीका स्थानीय टंकबहादुर जोगीको बाँसको टाटी बेरा टिनको छानो भएको एकतले कच्ची भान्छा घर भत्काएको हो । हात्तीले भान्छाभित्र रहेको धान, चामल, गहुँ, पिठोलगायतका अन्नपात खाँदा करिब एक लाख बराबरको क्षति गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ

# बिर्तामोड २ का विद्यालयलाई खेलकुद सामग्री बितरण

झापा(प्रस) । बिर्तामोड नगरपालिका २ नम्बर कार्यालयले वडाभित्र संचालित विद्यालयलाई खेलकुद सामग्री तथा बाल क्लब ब्यानर प्रदान गरेको छ ।

वडा कार्यालयले बालमैत्री कार्यक्रमअन्तर्गत खेलकुद क्षेत्रमा बालबालिकालाई प्रेरित गर्ने उद्धेश्यले ती सामग्री प्रदान गरेको वडाध्यक्ष किशोरकुमार पौडेलले जानकारी दिए ।

वडा कार्यालयले वडाभित्र संचालित रहेका विद्यालयमा बाल क्लब गठन गरिएका सामुदायिक तथा संस्थागत विद्यालयलाई सामग्री हस्तान्तरण गरेको वडाध्यक्ष पौडेलले जानकारी दिए ।

उनले वडाभित्रका बालबालिकालाई समान रुपमा कार्यक्रममा सहभागी गराईएको




बताए । बालबालिकालाई फुटबल ,भलिबल ,ब्याटमिन्टन,चेसलगायतका खेलका सामग्री बितरण गरिएको वडा सचिव हिमा पोखेलले जानकारी दिईन् ।

कार्यक्रममा कार्यपालिका सदस्य तिला गौतम ,सदस्य ओमनाथ गौतम ,बालबालिका तथा शिक्षा संचार मञ्चका संयोजक सरोज पौडेल ,सामाजिक अभियन्ता माधब खरेल ,रोहित राईलगायतको उपस्थिति रहेको थियो ।

शुक्रबार वडाका पञ्चरत्न मा.वि. , वीर अमरसिंह मा.वि. , देबकुल ,बालकल्याण ,मोहनमाया ,साङ्वेद र निदि मा.वि का बालबालिकालाई उक्त सामग्री प्रदान गरिएको थियो । सोही कार्यक्रमअन्तर्गत साङ्गवेद विद्यालयबाट यस बर्षको एसईई परीक्षा उत्तीर्ण विद्यार्थीलाई बधाई तथा शुभकामना दिइएको थियो ।

# घाँटीमा खानेकुरा अड्केर बालकको मृत्यु

झापा(प्रस)। घाँटीमा खानेकुरा अड्केर झापाको बुद्धशान्तिमा एक बालकको मृत्यु भएको छ । बुद्धशान्ति ४ स्थित मंगलबारेका ११ वर्षिया प्रितम् ढकालको शुक्रवार बिहान खाना खाने क्रममा खानेकुरा अड्केर मृत्यु भएको हो । उनको बिहीवार जन्मदिन रहेको थियो ।

# बेवारिसे अवस्थामा १ सय ६९ किलो गाँजा बरामद



झापा(प्रस) । विराटनगरमा बेवारिसे अवस्थामा १ सय ६९ किलो गाँजा बरामद भएको छ । प्रहरीले बिहीबार राति ठूलो परिमाणमा गाँजा बरामद गरेको हो । विराटनगर महानगरपालिका-१७ गुजार टोलबाट गाँजा बरामद गरिएको जानकारी मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले दिए । उनका अनुसार जिल्ला प्रहरी कार्यालय मोरङ र इलाका प्रहरी कार्यालय रानीको संयुक्त टोलीले राति ११ बजेतिर गाँजा फेला पारेको थियो । खाली जमिनमा त्यत्तिकै छाडिएको अवस्थामा ६ पोका गाँजा फेला परेको बस्नेतले बताए ।

उनका अनुसार बरामद गरिएको गाँजा आवश्यक अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय रानीमा राखिएको छ । गाँजा कसले ल्याएर खाली जग्गामा फालेको हो भन्ने यकिन भइसकेको छैन । यद्यपि, यसको ओसारपसार एवं कारोबारमा संलग्नको खोजी भइरहेको जानकारी बस्नेतले दिए ।

उनका अनुसार प्रहरी आएको थाहा पाएका कारण ओसारपसारमा संलग्नहरू नै गाँजा फालेर भागेको हुनसक्ने अनुमान छ । गाँजा नेपालबाट भारततर्फ लैजान खोजिएको हुनसक्ने प्रहरीको अनुमान छ ।

# सय रुपैयाँ अभियानले तीस हजार सहयोग संकलन



बिर्तामोड(प्रस) । मिर्गौला प्रत्यारोपण गरेर वीर अस्पतालमा थप उपचार गराइरहेका पत्रकार प्रेमबहादुर दियाली ( पिबि दियाली ) लाई थप सहयोग जुट्नेक्रम जारी छ । बिर्तामोडस्थित गोर्खा फाउन्डेसनको फेसबुक म्यासेन्जरमा जोडिएका दुई सय बढी शुभेच्छुकले पत्रकार दियालीलाई तीस हजार बढी रकम सहयोग गरेको फाउन्डेसनका संस्थापक अध्यक्ष वीरु दर्नालले जानकारी दिए ।

कसैलाई भार नपरोस् र कोही पनि नछुटून् भन्ने उद्धेश्यले एक सय रुपैयाँ सहयोग समर्पण अभियानमार्फत् फाउन्डेसनको म्यासेन्जर ग्रुपमा आवद्ध सदस्यहरूले स्वेच्छिक रुपमा एक सयदेखि दुई हजारसम्म दियालीको खातामा सिधै जम्मा गरेका थिए । तीन दिनसम्म चलेको अभियानबाट उक्त रकम जम्मा भएको अध्यक्ष दर्नालले बताए ।


ग्रुपमा कसैलाई ब्यक्तिगत अनुरोध नगरी स्वतस्फूर्तः अभियान सफल भई यति छोटो समयमा लक्ष्यभन्दा माथि सहयोग जुटेकोमा फाउन्डेसनमा आवद्ध सदस्यप्रति गर्व रहेको दर्नाल बताउँछन्।

अभियानका सदस्य, सामाजिक ब्यक्तित्व तथा सहारा नेपाल साकोसका प्रमुख कार्यकारी अधिकृत महेन्द्रकुमार गिरीले यस्तो अभियानले सबैको सानो सानो सहयोगबाट जीवनदान प्राप्त हुन सक्ने र कसैलाई पनि ठुलो आर्थिक भार नपर्ने बताए । गोर्खा फाउन्डेसनको यस किसिमको अनुकरणीय कार्य आगामी दिनमा कार्य गर्न सबै एक हुनुपर्ने उनले बताएका छन् ।

त्यस्तै एमालेका युवा नेता तथा युवा संघ नेपालका स्थायी कमिटी सचिव पर्वत भण्डारीले यस्तै अनुकरणीय कार्यमा आगामी दिनमा समेत निरन्तरता रहोस् भन्ने बिश्वास व्यक्त गरेका छन् । 'हामी सबै मिलेर यसरी नै आगामी दिनमा धेरै सामाजिक जिम्मेवारी उठाउनु पर्नेछ । एकतामा बल हुन्छ , थोपा थोपा मिलेर नै सागर बन्ने हो ' उनले उल्लेख गरेका छन् ।

सुनसरी , ईटहरीका क्रियाशील पत्रकार दियाली पत्रकार महासंघ कोशी प्रदेश कार्य समिति सदस्य हुन् । गणराज्य दैनिक तथा मकालु टुडे अनलाईनका सम्पादक दियालीलाई गत महिना कोशी प्रदेश आन्तरिक मामिला मन्त्रालयले एक लाख राशिको नगद पुरस्कारसहित सम्मान गरेको थियो । दियालीको उपचारको लागि बिभिन्न ब्यक्ति र संस्थाबाट सहयोग आइरहेको बताईएको छ ।

# तीन दिन मनसुन अझै सक्रिय रहने




झापा(प्रस) । शुक्रबारदेखि तीन दिन नेपालमा मनसुन अझै सक्रिय हुने जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाले विशेष बुलेटिन सार्वजनिक गरेर मनसुनको न्यून चापीय रेखा नेपालनजिक रहेकाले आइतबारसम्म दक्षिणी भूभागमा मनसुन थप सक्रिय हुने जानकारी दिएको हो।

महाशाखाले यसअघि १६ गते विशेष बुलेटिन सार्वजनिक गरेर मनसुन सक्रिय हुने र यसबाट हुनसक्ने क्षतिबाट सतर्क रहन भनेको थियो।

बिहीबार पुनः विशेष बुलेटिन सार्वजनिक गरेर महाशाखाले उक्त क्रम आइतबारसम्म चल्ने र मनसुन थप सक्रिय हने जनाएको हो।

मनसुन थप सक्रिय हुँदा आइतबारसम्म देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशका अधिकांश स्थानहरूमा हल्का देखि मध्यम वर्षा हुने महाशाखाले जनाएको छ।

त्यस अवधिमा कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेशका थोरै स्थानहरूमा भारी वर्षा हुनेछ। गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका केही स्थानहरूमा भारीदेखि धेरै भारी वर्षा तथा थोरै स्थानहरूमा अति भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ।

महाशाखाले विभिन्न ३० जिल्लाहरूमा उच्च सतर्कता अपनाउन भनेको छ।

गण्डकीका ८, लुम्बिनीका ९, कर्णालीका ६ र सुदूरपश्चिमका सात जिल्लाहरूका लागि रेड अलर्ट जारी गरिएको छ।

भू-क्षय, पहिरो तथा गेग्रान बहावको जोखिम, शहरी तथा तराई क्षेत्रहरूमा डुवानको जोखिम, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउन तथा पूर्वतयारी गर्न सबै सरोकारवाला निकायहरूलाई महाशाखाले अनुरोध गरेको छ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा


सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने